# फेटा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

फेटा,बारा

मधेश प्रदेश,नेपाल


पत्र संख्याः २०८३/०८४ मितिः २०८३/०४/१८

सूचना नं.: ०५

**बिषयः फर्म, कम्पनी, सप्लायर्स तथा गैरसरकारी संस्थाहरु सूचीकृत गर्ने म्याद थप गरिएको सम्बन्धी सार्वजनिक सूचना ।**

यस फेटा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका सम्पूर्ण बडा कार्यालयहरूको लागि चालू आर्थिक वर्ष २०८३/०८४ मा आवश्यक पर्ने वस्तु तथा सेवाहरू सोझै खरिद वा कोटेसन मार्फत खरिद गर्न सेवा प्रदायकहरूको **मौजुदा सूची** (Standing List / Roster) तयार गर्ने प्रयोजनका लागि मिति २०८३/०४/०१ गते पहिलो पटक सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सर्वविदितै छ।

उक्त सूचना बमोजिम विभिन्न कारणवश तोकिएको समयभित्र सूचीकृत हुन नसकी छुटेका इच्छुक, आधिकारिक तथा योग्यता पुगेका इजाजतप्राप्त फर्म, संस्था वा कम्पनीहरूको अनुरोधलाई मध्यनजर गर्दै सबैको सरोकार र सहभागिता सुनिश्चित गर्नका लागि **यो सूचना प्रकाशित भएको मितिले थप १५ (पन्ध्र) दिन मिति २०८३।०५।०१ गते सम्म (कार्यालय समयभित्र)** रीतपूर्वकको आवेदन दर्ता गराउन सक्ने गरी **दोस्रो पटक म्याद थप गरी सुचना प्रकाशन** गरिएको छ ।

सूचीकृत गरिने कार्य तथा वस्तुहरूको वर्गीकरण (Categories), आवेदन साथ पेश गर्नुपर्ने अनिवार्य कागजातहरू र अन्य शर्तहरू पहिलो पटक प्रकाशित सूचना बमोजिम नै यथावत रहनेछन्। म्याद थप सम्बन्धी विस्तृत विवरण तथा आवेदन फारम कार्यालयको जिन्सी शाखाबाट वा गाउँपालिकाको आधिकारिक वेबसाइट www.phetamun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

२०८३/०४/१८

राकेश ओझा

प्रमुख प्रशासकिय अधिकृत